










Peace Corps
NEPAL

# वार्षिक प्रतिबेदन २०८०





# विषयसूचि


**पीसकोर मिसन** **२**

**राष्ट्रिय निर्देशकको सन्देश** **३**

**सन् २०२३ का पीसकोर नेपालका मूख्य उपलब्धिहरू** **४**

**भर्चुअल सेवा परियोजनाहरू** **४**

शिक्षासँग सम्बन्धित भर्चुअल सेवा परियोजनाहरू ५

खाद्य सुरक्षा सम्बन्धी भर्चुअल सेवा परियोजनाहरू ५

**कर्मचारीको नेतृत्वमा सम्पन्न गरिएका विकास सम्बन्धी गतिविधिहरू** **६**

शिक्षा सम्बन्धी कार्यक्रमहरू ६

खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरू ७

**स्वयंसेवकहरू खटाइएका जिल्लाहरू** **१०**

**सन् २०२४ लाई नियाल्दा** **११**

कोभिड-१९ पछि पुनः सेवा सुचारू ११

पीसकोर रेस्पोन्स कार्यक्रम १२

जलवायु परिवर्तनसँग सम्बन्धित कार्य १२

समताका अभ्यासहरूलाई कार्यक्रममा एकिकृत गर्ने १३

**सरकार र सरोकारवालाहरूबीचको सम्बन्ध** **१५**

**सफलताका कथाहरू** **१६**

**तालिमका आकर्षणहरू** **१८**

एकिकृत सिकाइका तरिकाहरूमार्फत विद्यार्थीको सिकाइको उपब्धीमा वृद्धि १८

खाद्य सुरक्षाका लागि समावेशी पद्धतिका फाइदाहरू १९

**आतिथ्यता प्रदानगर्ने परिवारहरुलाई धन्यवाद** **२०**

**हाम्रा फर्किएका पीसकोर स्वयंसेवकहरुलाई धन्यवादः** **२१**

**आभार व्यक्त** **२२**

# पीसकोर मिसन

**मिसनः समुदायमा आधारित विकास तथा अन्तरसांस्कृतिक समझदारी मार्फत विश्व शान्ति र मित्रता प्रवर्द्धन गर्ने ।**

पीसकोर संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जोन एफ्. केनेडीद्वारा सन् १९६१ मा स्थापित स्वयंसेवकहरू, समुदायका सदस्यहरू, सम्बन्धित मुलुकका साझेदारहरू र सिकाई तथा वृत्ति विकासप्रति निरन्तर रूपमा प्रतिवद्ध विशेष सेवाको अनुभव रहेका कर्मचारीहरूको अन्तर्राष्ट्रिय सञ्जाल हो । यसको स्थापनाकाल देखि नै यो संस्था विश्व शान्ति र मित्रताको ध्येयद्वारा निर्देशित छ ।

पीसकोर सञ्जालका सदस्यहरूले सेवाको माध्यमद्वारा आफूलाई विश्वव्यापी नेतृत्वको अर्को पुस्ता बन्नका लागि सहयोगी तथा प्रेरणादायी हस्तानन्तरण योग्य हरूको विकास गर्दछन् । पीसकोर स्वयंसेवकहरूले संयुक्त राज्य अमेरिकाका जनताहरूको प्रतिनिधित्व गर्दछन् । विनम्रता र अन्तरसाँस्कृतिक सक्षमताका साथ उनीहरू विश्व शान्ति र मित्रता प्रवर्द्धन गर्नका लागि समुदायहरूसंग निकट रही सहकार्य गर्दछन् ।

सन् १९६१ देखि हालसम्ममा १४० देशमा २,२०,००० भन्दा बढी स्वयंसेवकहरूले सेवा प्रदान गरिसकेका छन् । यस संस्थाले विभिन्न मुलुकलाई आर्थिक सहायता उपलब्ध गराउनुको सट्टा स्वयंसेवकहरूमार्फत समुदायका सदस्यहरूसँगको सहकार्यमा कार्यरत मुलुकका साझेदारहरू र कर्मचारीहरूमार्फत आफ्नो सेवा अवधिमा र सेवापश्चात समेत आफ्नो उद्देश्यलाई अघि बढाउंदछन् । यसरी स्थानीयबासी र पीसकोर स्वयंसेवकबीच हुने दैनिक अन्तर्क्रियाले स्वयंसेवकहरूलाई स्थानीय समुदायका विकाससम्बन्धी सवालहरूलाई सम्बोधन गर्न तथा आपसी समझदारी वृद्धि गर्न विशेष सम्भावना र अवसर प्रदान गर्दछ ।

पीसकोर ऐन (१९६१) ले विश्व शान्ति तथा मित्रता प्रवर्द्धन गर्ने पीसकोरको उद्देश्य पूरा गर्नेतर्फ निम्नलिखित तीन मुख्य लक्ष्यहरू निर्धारण गरेको छ :

**१. इच्छुक देशहरूलाई दक्ष जनशक्तिको आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने ।**
**२. अमेरिकी जनतालाई सेवाग्राही जनसमुदायबारे अधिक जानकारी प्रवर्द्धन गर्ने ।**
**३. अन्य देशका नागरिकहरूमाझ अमेरिकीहरूको बारेमा अधिक समझदारी प्रवर्द्धन गर्न सहयोग गर्ने ।**

पीसकोरले सन् १९६२ देखि नेपाल सरकारसँग साझेदारी गर्नुका साथै नेपाली समुदाय र व्यक्तिहरूसँग सहकार्य गर्दै आएको छ । नेपाल सरकारको निमन्त्रणामा पीसकोर स्वयंसेवकहरूले समुदायका सदस्यहरूसँग मिलेर सम्बन्ध विस्तार गर्ने, ज्ञान प्रवर्द्धन गर्ने र स्थानीय स्तरमा प्राथमिकतामा रहेका परियोजनाहरूमा दीर्घकालीन प्रभाव पार्ने काम गर्दछन् ।

विगत ६० वर्षको दौरानमा करिब ४,००० अमेरिकीहरूले नेपालमा स्वयंसेवकको रूपमा काम गरिसकेका छन् । हाल पीसकोर नेपालले खाद्य सुरक्षा र शिक्षा परियोजनाहरू सञ्चालन गरिरहेको छ । पीसकोर स्वयंसेवकहरूले तोकिएको समुदाय तथा विद्यालयहरूमा दुई वर्ष अवधिको लागि काम गर्दछन् ।



# राष्ट्रिय निर्देशकको सन्देश



नमस्ते !

पीसकोर नेपालको राष्ट्रिय निर्देशकको हैसियतले म हाम्रा साझेदार, स्वयंसेवक, सरकोकारवाला र समकक्षी सेवाप्रदायक संस्थाहरू समक्ष संस्थाको सन् २०२३ को प्रगति विवरण प्रस्तुत गर्न पाएकोमा हर्षित छु ।

कोभिड-१९ महामारीका कारण सन् २०२० मा विश्वका सबै मूलुकहरूबाट स्वयंसेवकहरूलाई फिर्ता गरेपछि पीसकोरले नेपाल फर्कने स्वयंसेवकहरूको पहिलो समूहको आगमनलाई यो वर्ष ज्यादै महत्वका साथ हेरेको छ। यो सन् १९६२ मा हाम्रो स्थापना भएदेखि नेपालमा आइपुगेका स्वयंसेवकहरूको एन २०८औं समूह थियो र यसलाई एन २०८ समूह भनिन्छ । एन २०८औं समूह जुन २०२३ मा नेपाल आइपुग्यो, तीन महिनाको पूर्व-सेवाकालिन भाषा र प्राविधिक तालिम पूरा गऱ्यो, र अगस्ट २४, २०२३ मा स्वयंसेवकको रूपमा शपथ लियो । हामीले अगस्ट २४, २०२३ को मिति रोज्यौं किनभने यो पीसकोर नेपालको स्थापनाको वार्षिकोत्सव पनि हो । यही मितिमा सन् १९६२ मा पीसकोर र नेपाल सरकारले द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेको थियो । यो वर्ष पीसकोर र नेपाल सरकारले १९६२ को द्विपक्षीय सम्झौताका केही महत्त्वपूर्ण बुँदाहरू संसोधन गरेर कार्यक्रमप्रतिको संयुक्त प्रतिवद्धता नविकरण गरेका छन् । यसले विभिन्न प्रशासनिक प्रकृयाहरूलाई सरल बनाएको छ ।

एन २०८ समूह का स्वयंसेवकहरू हाल गण्डकी र वाग्मती प्रदेशका पाँच जिल्लामा अङ्ग्रेजी शिक्षा र खाद्य सुरक्षा स्वयंसेवकको रूपमा सेवा गरिरहेका छन्।

यस वार्षिक प्रतिवेदनमा सन् २०२३ मा हाम्रो संस्थाले गरेका मुख्य उपलब्धिहरूको बारेमा विस्तृत चर्चा गर्नेछौं:

- एन २०८ समूह का स्वयंसेवकहरूलाई नेपाल ल्याउने र उनीहरूलाई तालिम प्रदान गर्नुका अतिरिक्त पीसकोरले नेपाली समुदायहरूलाई भर्चुअल सेवा परीक्षण परियोजना सहायतालाई निरन्तरता प्रदान गऱ्यो । भर्चुअल सेवा परीक्षण परियोजनाहरूमा नेपाली समकक्षीहरूको अनुरोध बमोजिमका कार्यहरू सम्पन्न गर्नका लागि अमेरिकमा रहेका सहभागीहरूले नेपाली समकक्षीहरूसँग साझेदारी गरे । २०२३ को अवधिमा हामीले शिक्षा र कृषि क्षेत्रमा चारवटा भर्चुअल सेवा परीक्षण परियोजनाहरू सम्पन्न गऱ्यौं ।

- पीसकोरका कर्मचारीहरूले ७०० भन्दा बढी सहभागीहरू लाभान्वित हुने ६ वटा तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरूमा विभिन्न नेपाली समकक्षीहरूसँग प्रत्यक्ष रूपमा सहकार्य गरी नेपालको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । एउटा उदाहरणको रूपमा, कर्मचारीहरूले नेपालगञ्जमा तीन दिने कार्यक्रममा मौरीपालन, च्याउ खेती, प्रजनन उमेरका महिलाहरूको पोषण आवश्यकता र कृषिमा आधारित आयआर्जन गतिविधिका मुख्य पक्षहरूमा सुर्खेत र अर्घाखाँची जिल्लाका ३९ जना समकक्षीहरूलाई तालिम सञ्चालन गरेका थिए ।

माथि उल्लेखित कुनै पनि उपलब्धिहरू नेपाल सरकारका समकक्षीहरूको सहयोग र सहकार्य बिना सम्भव हुने थिएन । हामी उहांहरूको समय र समर्पणको लागि आभारी छौं ।

२०२३ को अन्त्यतिर पुग्दा पीसकोर/नेपाल एकातर्फ हाम्रा सबै मुख्य कार्यक्रमहरूलाई निरन्तरता दिने कार्यमा अग्रसर हुनुका साथै अर्कोतर्फ सन् २०२४ मा स्वयंसेवकहरूको दुईवटा नयाँ समूहलहरूलाई नेपालमा स्वागत गर्दैछौं ।

भवदीय

**ट्रोय कोफ्रोथ**
राष्ट्रिय निर्देशक

**यो वर्ष पीसकोर र नेपाल सरकारले १९६२ को द्विपक्षीय सम्झौताका केही महत्त्वपूर्ण बुँदाहरू संसोधन गरेर कार्यक्रमप्रतिको संयुक्त प्रतिवद्धता नविकरण गरेका छन् । यसले विभिन्न प्रशासनिक प्रकृयाहरूलाई सरल बनाएको छ ।**



२०८ औं समुहको सपथ ग्रहण समारोह (अगस्ट २४, २०२३)




२०८ औं समुहको सपथ ग्रहण समारोहमा बोल्दै परराष्ट्र सचिव पौड्याल

# सन् २०२३ मा सम्पन्न
# पीसकोर नेपालका मूख्य उपलब्धिहरू

तीन वर्षभन्दा केही बढी समयसम्म स्वयंसेवकहरूको अनुपस्थिति पश्चात शिक्षा तथा खाद्य सुरक्षा परियोजनाहरूमा काम गर्नका लागि पीसकोर स्वयंसेवकहरूको नयाँ समूह, एन २०८, जुन ११, २०२३ मा नेपाल आइपुग्यो। कोभिड-१९ महामारीका कारण मार्च २०२० मा पीसकोर कार्यक्रम विश्वव्यापी रूपमा निलम्बन गरिएको थियो । तीन महिनाको पूर्व-सेवाकालिन तालिम लिएपश्चात पीसकोर स्वयंसेवकहरूले अगष्ट २४, २०२३ मा स्वयंसेवकको रूपमा शपथ लिएपछि तोकिएको कार्यक्षेत्रहरूमा आफ्नो सेवा सुरू गरे ।

यसका अतिरिक्त, पीसकोर नेपालले ग्लोबल भर्चुअल सेवा परीक्षण कार्यक्रममा सहभागिता जारी राख्नुका साथै शिक्षा तथा खाद्य सुरक्षा क्षेत्रहरूमा सीप विकास गर्न समकक्षीहरू र अन्य सरोकारवालाहरूसँग पीसकोर नेपालका कर्मचारीहरूको नेतृत्वमा प्रत्यक्ष तालिमहरू सम्पन्न गरेको छ । अधिकांश सहभागीहरूका लागि तालिम आफ्नो व्यावसायिक सेवा प्रदान गर्ने कार्यमा प्रभावकारी भएको कुरा तालिमको बारेमा गरिएको मूल्याङ्कनले प्रष्ट पारेको छ ।

नेपालका विभिन्न मन्त्रालयहरूसँग हाम्रो सहकार्य जारी छ । यस वर्ष पीसकोर/नेपालले पर्यटन क्षेत्रमा कार्यक्रम सुरू गर्न नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समझदारी पत्रमा हस्ताक्षर गर्‍यो । पर्यटन क्षेत्रको प्रवर्द्धनमा काम गर्न स्वयंसेवकहरू मे महिनामा आउने अपेक्षा गरिएको छ र यस समझदारी पत्रको अवधि पाँच वर्ष रहेको छ ।

यस वार्षिक प्रतिवेदनको पछिल्ला खण्डहरूमा हामी २०२३ मा सम्पन्न भएका गतिविधिहरूको बारेमा थप विवरणहरू प्रदान गर्नेछौं ।

## भर्चुअल सेवा परियोजनाहरू

**परिचय:**

२०२० मा पीसकोरले वैकल्पिक सेवा मोडेलको रूपमा भर्चुअल सेवा परीक्षण शुरू गऱ्यो । यो रणनीतिक रूपमा कोभिड-१९ महामारीबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन गर्ने उद्देश्यले नयाँ अवधारणागत सेवा प्रदानगर्ने संगठनको दृष्टिकोणसँग जोडिएको छ । यस नविनतम पद्धतिले आफ्नो दुई वर्ष सेवा पूरा गरी फर्केका पीसकोर स्वयंसेवकहरूलाई भर्चुअल सेवा परीक्षण सहभागीको रूपमा परिचालन गर्दछ, जसले ३ देखि ६ महिनासम्म सञ्चालन हुने भर्चुअल कार्यक्रमका लागि प्रति हप्ता ५ देखि १५ घण्टा सम्म समर्पण गर्दछन् । परम्परागत मोडेलहरूभन्दा भिन्न रुपमा भर्चुअल सेवा परीक्षणले पीसकोर स्वयंसेवकको भौतिक उपस्थिति चुनौतीपूर्ण रहेका क्षेत्रहरूमा सेवा प्रदान गर्दछ । यो स्थायी कार्यक्रम नभए तापनि बहु-चरणीय भर्चुअल सेवा परीक्षणलाई  कार्यक्रम क्षेत्रहरूमा विस्तार गरी यसले लोकप्रियता कमाएको छ । यसका सफलताका कथाहरूले सेवाप्रतिको सम्भावित अवरोधहरूलाई पन्छाउंदै अनुकूलनशीलता तथा सामुदायिक प्रभावप्रति संगठनको प्रतिबद्धतालाई मूर्तरूप दिएर पीसकोरको सेवा विविधीकरण गर्ने क्षमतालाई उजागर गर्दछ।

### शिक्षासाग सम्बन्धित भर्चुअल सेवा परियोजनाहरू

२०२३ मा पीसकोर नेपालले चारवटा विद्यालयहरूमा ६ जना अङ्ग्रेजी शिक्षकहरूसँग काम गरी दुईवटा शिक्षासँग सम्बन्धित भर्चुअल सेवा परीक्षण परियोजनाहरू सम्पन्न गऱ्यो । प्रतियोगितामा आदर्श मा.वि. गुल्मी र बागभैरव मा.वि. सिन्धुपाल्चोकका ३ जना र सत्यवती मा.वि. धादिङ र भानु मा.वि. स्याङ्जाका ३ जनाको सहभागिता रहेको थियो । दुबै परियोजनाहरूको अवधि १२ हप्ता रहेको थियो । परियोजनाहरूको लक्ष्य सहभागी अङ्ग्रेजी शिक्षकहरूको अङ्ग्रेजी शिक्षण  र भाषिक प्रवाह वृद्धि गर्नुका साथै बोलीचालीको भाषा तथा वाक्यपद्धतिमा जोड दिनु थियो ।

अमेरिकाका भर्चुअल सेवा परीक्षणका सहभागीहरूले विद्यार्थीमा उत्प्रेरणा जगाउन र सिकाइ उपलब्धि वृद्धि गर्नका लागि अङ्ग्रेजी विषयको शिक्षण, कक्षाकोठा व्यवस्थापन र व्यावसायिक विकासका उत्कृष्ट अभ्यासहरूको बारेमा छलफल गर्नुका साथै तालिमहरू समेत प्रदान गरे । यूएसमा अवस्थित भर्चुअल सेवा परीक्षणका सहभागीहरूले समकक्षी अङ्ग्रेजी शिक्षकहरूसँग महत्वपूर्ण दृष्टिकोणहरूको बारेमा बिचार आदानप्रदान गर्नुका साथ उनीहरूलाई विद्यार्थीको सक्रिय सहभागिता अभिवृद्धि गर्न र अङ्ग्रेजी भाषाका सिपहरू वृद्धि गर्न आवश्यक शैक्षिक सामग्री र पाठ यो जनाहरू पनि उपलब्ध गराए । उनीहरूले विदेशी भाषाको रूपमा अङ्ग्रेजी सिकाउने विद्यार्थी-केन्द्रित विधिहरूमा आधारित कार्यशालाहरू सञ्चालन गर्ने र माध्यमिक र उच्च माध्यमिक विद्यालयको अङ्ग्रेजी भाषा कक्षाहरूमा





प्रयोगको लागि पाठ योजनाहरू निर्माण गर्न समकक्षी अङ्ग्रेजी शिक्षकहरूसँग सहकार्य गरे। कार्यशालामा लेखाइ, पढाइ, बोलाई र व्याकरणलगायतका विषयहरू समेटिएका थिए ।

यसका अतिरिक्त, भर्चुअल सेवा परीक्षणका सहभागीहरूले आफ्ना समकक्षी पाठकहरूलाई पेशागत वैयक्तिक विवरण (बायो डाटा) बनाउन र पश्चिमी दर्शकहरूको लागि अनुकूल इमेल लेखनका प्रशिक्षण दिनुका साथै पेशागत विकासका वृहत्तर पक्षहरूलाई सम्बोधन गरे । अन्तर-सांस्कृतिक विषयहरूको बारेमा छलफल गरि भर्चुअल सेवा परीक्षणका सहभागीहरू र समकक्षीहरूले आ-आफ्नो संस्कृतिअनुसार मनाइने छुट्टि र परम्पराहरूको बारेमा जानकारी प्रस्तुत गरे ।

माथि उल्लेख गरिएका विषय र उपलब्धिहरूका अतिरिक्त, स्याङ्जा र धादिङका समूहले लैङ्कि समता र जलवायु परिवर्तनसम्बन्धी अध्यापन गर्न विज्ञानजस्ता विषयहरू समेटेका थिए। अमेरिकामा अवस्थित सहभागीहरूले आफ्ना समकक्षीहरूका लागि अनलाइन स्रोतहरूको श्रृंखला विकास गरे र डिजिटल साक्षरता शत्रहरू सञ्चालन गरे। यी सत्रहरूमा  कक्षाकोठा अभ्यासहरूमा डिजिटल स्रोतहरू समावेश गर्ने र स्थानीय शिक्षकहरूको लागि विद्यमान सिकाइ विधिहरूमा जोड दिइएको थियो ।

फलस्वरूप, नेपाली शिक्षकहरूले २१ औं शताब्दीको कक्षाकोठामा सफलताको लागि उपकरणजडित, आत्मविश्वास, सुधारिएको कक्षाकोठा अभ्यासहरू र सशक्तिकरणको भावना जागृत भएको कुरा व्यक्त गरे ।

## खाद्य सुरक्षा सम्बन्धी भर्चुअल सेवा परियोजनाहरू

पीसकोरले २०२३ मा खाद्य सुरक्षा क्षेत्रमा १२ हप्ताको भर्चुअल सेवा परीक्षण कार्यक्रम सम्पन्न गर्‍यो। समुदायका सहकर्मीहरूको सहकार्यमा सबै उमेर समूहका मानिसहरूको प्रतिरक्षा प्रणाली मजबुत राख्ने लक्ष्यका साथ कार्यक्रम सम्पन्न गरियो । जसमा स्थानीय रूपमा उपलब्ध पौष्टिक खाना उपभोग गर्ने व्यक्तिहरूको संख्या वृद्धि गर्न मद्दत गर्ने गतिविधिहरू र सामग्रीहरू विकास गर्न सुर्खेत जिल्लाका एक स्थानीय पोषण सहजकर्ताले संयुक्त राज्य अमेरिकामा भर्चुअल सेवा परीक्षणका सहभागीसँग साझेदारी गरे । कार्यक्रमको दौरानमा संयुक्त राज्य अमेरिकामा अवस्थित सहभागी र स्थानीय पोषण सहजकर्ताले माई प्लेट (My Plate) प्रदर्शन र खाद्य-पोषण सामग्रीको विश्लेषण सहित पोषणसम्बन्धी तालिम सामग्री र क्रियाकलापहरू संयुक्त रूपमा निर्माण गरे । यी उत्पादनहरूले विभिन्न खाद्य समूहहरूका खानाहरू, विशेष गरी भिटामिन र प्रोटिनयुक्त खानाहरू, र कोभिड -१९ महामारीको समयमा खाद्यान्न उपलब्धताको चुनौतिहरूको समयमा पुरूष र महिलाहरूको जीवनभर पोषण आवश्यकताहरूलाई सम्बोधन गर्ने महत्वलाई प्रकाश पारेका थिए ।

यसका अतिरिक्त, नेपाल सरकारको प्राथमिकतामा रहेको महिला स्वास्थ्य स्वयंसेवीकाहरूको क्षमता अभिवृद्धि गर्ने प्रयासहरूलाई प्राथमिकता दिइयो। यसको उद्देश्य स्थानीय समुदायहरूमा स्वास्थ्य र पोषण सम्बन्धी सकारात्मक नतिजालाई अघि बढाउने खालका स्वास्थ्य तथा पोषण सेवा विस्तार तथा प्रवर्द्धनका लागि उनीहरूको सिप विकास गर्नु थियो ।



## कर्मचारीको नेतृत्वमा सम्पन्न गरिएका विकास सम्बन्धी गतिविधिहरू

**परिचयः**

सन् २०२३ मा स्वयंसेवकहरूको अनुपस्थितिको कारण पीसकोर/नेपालका कर्मचारीहरूले नेपाली समुदायको विकासका लागि लागि सहयोग पुऱ्याउने परियोजनाहरू सम्पन्न गरे । कर्मचारीहरूले यी गतिविधिहरू समकक्षीका हरू अभिवृद्धि गर्न मात्र नभई भविष्यमा पीसकोर स्वयंसेवकहरूले सेवा प्रदान गर्ने समुदायहरूसँग सम्पर्क र सहकार्य सुचिश्चितताको लागि पनि कार्यक्रम अघि बढाएको थियो । शिक्षा कार्यक्रमका कर्मचारीहरूले ६ भर्चुअल र ४ प्रत्यक्ष प्रशिक्षणहरू पूरा गरे जसबाट ३१४ जना सहभागीहरू लाभान्वित भए । त्यसैगरी, खाद्य सुरक्षा कर्मचारीहरूले ३७७ सहभागीहरू लाभान्वित हुने गरी ५ भर्चुअल र ७ प्रत्यक्ष तालिमहरू सम्पन्न गरेका थिए । यी तालिमहरूमा सिन्धुपाल्चोक, ललितपुर, धादिङ, काभ्रेपलाञ्चोक, गोरखा, स्याङ्जा, गुल्मी, म्याग्दी, पर्वत, अर्घाखाँची र सुर्खेत जिल्लाका सहभागीहरूलाई सहभागिता गराइएको थियो ।

क्षेत्रगत रुपमा थप विवरणहरू तलका खण्डहरूमा उपलब्ध छन्।

### शिक्षासम्बन्धी कार्यक्रम

सन् २०२३ मा पीसकोर/नेपालका शिक्षासम्बन्धी कर्मचारीको नेतृत्वमा सञ्चालन गरिएका गतिविधिहरू अङ्ग्रेजी शिक्षक, विद्यालयका प्रधानाध्यापक, नगरपालिका शिक्षा शाखा प्रमुख र छनौट भएका जिल्लाका साझेदार नगर पालिका र गाउँपालिकाका प्रमुख/ अध्यक्षहरूको क्षमता अभिवृद्धिमा केन्द्रित थिए । पीसकोर/नेपालले कुल १० भर्चुअल र प्रत्यक्ष प्रशिक्षण तथा अन्य कार्यक्रमहरू सम्पन्न गर्यो । ६ वटा भर्चुअल तालिमहरूमा अङ्ग्रेजी शिक्षक र विद्यालयका प्रधानाध्यापकहरू संलग्न थिए । यी कार्यक्रमहरूमा अभ्याससँग सम्बन्धित अन्तरक्षेत्रीय समुदायलाई संलग्न र सुदृढ गरिएको थियो जसमा सहभागीहरूले सक्रिय रूपमा शिक्षण सामग्रीहरूको बारेमा विचार आदानप्रदान गर्नुका साथै लैङ्गिक रूपमा संवेदनशील शिक्षण अभ्यासहरूको प्रयोग गर्ने र जलवायु परिवर्तन र वातावरणीय मुद्दाहरूलाई विद्यार्थी सिकाइ गतिविधिहरूमा एकीकृत गर्ने तरिकाहरूको खोजी गरे ।







४ प्रत्यक्ष प्रशिक्षण कार्यक्रमहरूमा अङ्ग्रेजी शिक्षक, प्रिन्सिपल, शिक्षा शाखा प्रमुख, र नगरपालिकाका प्रमुखहरू/अध्यक्षहरू सहभागी थिए । यी सत्रहरूमा विषयसँग सम्बन्धित व्यापक दायरालाई समेटिएको थियो, जसमा अङ्ग्रेजी भाषा सिकाइका लागि सञ्चार सिपहरूसँग सम्बन्धित क्रियाकलापहरू डिजाइन गर्ने, विविधता, समता र समावेशीकरणका सिद्धान्तहरू र जलवायुमैत्री विषयहरूलाई शिक्षण अभ्यासहरूमा एकीकृत गर्ने, शिक्षार्थीहरूको लागि सुरक्षित र स्वस्थ विद्यालयको विकास, संस्कृतिहरूमा काम गर्ने र प्रभावशाली र प्रभावकारी शिक्षणको लागि कसरी सक्षम वातावरण सिर्जना गर्ने भन्नेजस्ता विषयहरू थिए ।

**शिक्षासँग सम्बन्धित कर्मचारीको नेतृत्वमा सम्पन्न कार्यक्रमको प्रभावः**

पीसकोरले विद्यालय र सहभागीहरूमा परेको प्रभाव मूल्याङ्कन गर्न शिक्षा कर्मचारीको नेतृत्वमा कार्यक्रमको मूल्याङ्कन गऱ्यो । लगभग १०० प्रतिशत सहभागीहरूले सर्वेक्षणमा भाग लिएका थिए र कार्यक्रमबाट सकारात्मक प्रभाव परेको प्रतिक्रिया व्यक्त गरे । मूल्याङ्कनबाट निम्न नतिजाहरू प्राप्त भएका थिए:




- ९९% विद्यालयका प्रिन्सिपलहरूले तालिम धेरै प्रभावकारी वा प्रभावकारी भएको पाएका थिए ।
- ८८% विद्यालयका प्रधानाध्यापकहरूले आफ्नो दैनिक कार्यहरूमा ज्ञान र सिपहरू लागू गरेको प्रतिक्रिया व्यक्त गरेका थिए ।

## खाद्य सुरक्षासम्बन्धी कार्यक्रम

२०२३ मा पीसकोरका खाद्य सुरक्षा कार्यक्रमका कर्मचारीहरूले क्षेत्रीय स्तरका तीनवटा प्रत्यक्ष तालिम (पोखरामा २ र नेपालगन्जमा १) र चारवटा जिल्ला स्तरीय तालिमहरू (लमजुङमा दुई र म्याग्दी र पर्वतमा एक-एक) को सहजीकरण गरे । पाँच जिल्लाका ११९ पुरुष र ८३ महिला गरी कुल २०२ जना सहभागीहरूले एक वर्षमा प्रत्यक्ष प्रशिक्षणमा भाग लिएका थिए । पीसकोरको खाद्य सुरक्षा कार्यक्रम सञ्चालन भएका नगरपालिका तथा गाउँपालिकाका कृषि शाखा तथा स्वास्थ्य शाखा प्रमुख र अगुवा किसान, महिला स्वास्थ्य स्वयंसेविका र पाँच जिल्लाका वडा अध्यक्षहरूको प्रमुख सहभागिता रहेको थियो । यस कार्यक्रमको प्रमुख उद्देश्य फलफूल खेती, च्याउ, मह, अदुवा र बेसार जस्ता उच्च-मूल्य तथा कम परिमाणका कृषि उपजहरूको उत्पादनमा जोड दिनु थियो । यसका साथै अर्को महत्वपूर्ण उद्देश्य भनेको मानिसको स्वास्थ्य तथा पोषणमा गरिने विविधताको खानेकुरामा महत्व, कृषिमा आधारित आयआर्जन र उपेक्षित र कम प्रयोग गरिएका बालीका प्रजातिहरूको उत्पादन र उपभोगमा ध्यान दिनुपर्ने विषय समावेश गरिएको थियो । पीसकोर/नेपालले सहभागीहरूलाई पीसकोरको खाद्य सुरक्षा परियोजना, यसका उद्देश्यहरू र प्रस्तावित क्रियाकलापहरूको बारेमा पनि अभिमुखिकरण प्रदान गरेको थियो ।

सहभागीहरूले जलवायु परिवर्तनले कृषिमा पार्ने प्रभाव तथा तिनीहरूका सम्भावित समाधानहरूको उपायका बारेमा सशक्त रूपमा छलफल गरेका थिए । जलवायु परिवर्तन न्यून कृषि उत्पादन र उत्पादकत्वका लागि प्रमुख चुनौती र नेपालका लागि ज्यान जोखिमको विषय हो भन्ने कुरालाई मध्यनजर गर्दै जलवायू परिवर्तनलाई कृषि कार्यमा कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल तथा परामर्श गरिएको थियो ।

प्रत्यक्ष तालिमको अतिरिक्त, पीसकोर खाद्य सुरक्षा कर्मचारीहरूले म्याग्दी, पर्वत, लमजुङ, अर्घाखाँची र सुर्खेत जिल्लाका १७५ जना सरोकारवालाहरूसँग समान विषयहरू समेट्ने पाँचवटा भर्चुअल तालिमहरू पनि सञ्चालन गरेका थिए ।

**पाँच जिल्लाका ११९ पुरुष र ८३ महिला गरी कुल २०२ जना सहभागीहरूले एक वर्षमा प्रत्यक्ष प्रशिक्षणमा भाग लिएका थिए**

### खाद्य सुरक्षा कर्मचारी-नेतृत्वको कार्यक्रमको प्रभावः

पीसकोरले मूल्याङ्कन र सर्वेक्षण मार्फत खाद्य सुरक्षा क्षेत्रमा कर्मचारीको नेतृत्वमा कार्यक्रमको प्रभावकारिता र प्रभावको मूल्याङ्कन गर्‍यो ।



- भर्चुअल तालिमका ७८% सहभागीहरूले तालिम "धेरै प्रभावकारी" भएको भन्ने मूल्याङ्कन गरे भने बाँकी २२% ले यसलाई "प्रभावकारी" भनी मूल्याङ्कन गरे ।
- १००% उत्तरदाताहरूले प्रत्यक्ष प्रशिक्षण "धेरै प्रभावकारी" भएको प्रतिक्रिया दिए ।
- ५०% उत्तरदाताहरूले साना किसानहरूसँग काम गर्दा मौरी पालन सिकाइलाई लागू गरिसकिएको पाइयो ।
- ३५% सहभागीहरूले फलफूलको खेती प्रवर्द्धन र उत्पादन, अदुवा/बेसार खेती र आय आर्जन गतिविधिहरूमा आफ्नो ज्ञान र सिपहरू लागू गरेको पाइयो ।







# स्वयंसेवक नियुक्ति भएका जिल्लाहरू

सन् २०२३ लाई एन २०८ समूहको नेपाल आगमन वर्षको रूपमा उल्लेख गरियो । यो कोभिड-१९ महामारी सुरू भए पश्चात फिर्ता आउने पीसकोर स्वयंसेवकहरूको पहिलो समूह हो । डिसेम्बर २०२३ सम्म, १७ स्वयंसेवकहरूले नेपालका पाँच जिल्लाका ग्रामीण मध्य-पहाडी समुदायहरूमा सेवा गरिरहेका छन् । काभ्रेपलाञ्चोक, गोरखा र स्याङ्जा जिल्लाका सामुदायिक विद्यालयमा आठ जना शिक्षा स्वयंसेवक कार्यरत छन् भने म्याग्दी र पर्वत जिल्लाका ग्रामीण कृषक समुदायसँग १० खाद्य सुरक्षा स्वयंसेवक कार्यरत छन् । हामी स्वयंसेवकहरूको नयाँ एन २०८औं समूह जनवरी २०२४ मा नेपाल आइपुग्ने अपेक्षाका साथ तयारीलाई अगाडी बढाइ रहेका छौं ।




* यस नक्सामा प्रयोग गरिएका सीमा र नामहरूलाई अमेरिकी सरकारद्वारा आधिकारिक अनुमोदन वा स्वीकृतिको संकेत गर्दैन ।

**काभ्रेपलाञ्चोक, गोरखा र स्याङ्जा जिल्लाका सामुदायिक विद्यालयमा आठ जना शिक्षा स्वयंसेवक कार्यरत छन् भने म्याग्दी र पर्वत जिल्लाका ग्रामीण कृषक समुदायसँग १० खाद्य सुरक्षा स्वयंसेवक कार्यरत छन् ।**





# आगामी वर्ष २०२४ तर्फ नियाल्दा

**परिचयः**

सन् २०२४ नेपाल सरकारको मार्गनिर्देशनको आधारमा निर्माण गरिएको सहकार्यको फलदायी वर्षको रूपमा रहने अपेक्षा गरिएको छ । पीसकोर नेपाल स्थानीय समुदायहरूबीच देखा परेको असामञ्जस्यता न्यूनीकरण गर्नका साथै डिजिटल र जलवायुमा आधारित भावि चुनौतिहरूलाई सम्बोधन गर्न सहयोगका लागि कटिबद्ध रहेको छ । स्वयंसेवकहरूले स्थानीय युवाहरूलाई लक्षित गर्दै नेपालका सुन्दर स्थानहरूको प्रवर्द्धन गर्न एवं देशको शैक्षिक र वातावरणसम्बन्धी अवसरहरूको उत्थान गर्न र विश्व अर्थतन्त्रमा यसको योगदानका लागि सहयोग गर्नेछन् ।

## कोभिड - १९ पछि पुनः सेवा सूचारु

कोभिड-१९ को महामारीको प्रभाव पश्चात नेपालमा पीसकोरको पहिलोसमूहका स्वयंसेवकहरू जुन २०२३ मा काठमाडौं आइपुगे र आफ्नो कार्यक्षेत्र अन्तर्गतको समुदायहरूमा कार्यरत रहेका छन् । २०२४ मा पीसकोर/नेपालको लक्ष्य यस समूहको सफलतालाई जारी राख्दै जनवरी २०२४ मा शिक्षा तथा खाद्य सुरक्षा स्वयंसेवकहरूको एउटा नयाँ समूहलाई नेपाल भित्र्याउनु हो । प्रत्येक वर्षको जनवरीमा दुई-वर्षे कार्यकालको लागि पीसकोर स्वयंसेवकहरूको नयाँ समूह नेपाल आउने परिकल्पना गरिएको छ । हामी प्रत्येक वर्षमा लगभग ५०-६० जना अतिरिक्त स्वयंसेवकहरू नेपालको विकासको प्रक्रियामा सहभागी गराउने प्रयासमा प्रतिवद्ध छौं ।








## पीसकोर रेस्पोन्स कार्यक्रम

सन् १९६२ देखि सुरू भएको दुई वर्षे स्वयंसेवी कार्यक्रमलाई निरन्तरता दिंदै सन् २०२४ को मे महिनाबाट पीस कोर नेपालले पहिलो पटक रेस्पोन्स कार्यक्रमको शुरूवात गर्ने लक्ष्य लिएको छ । यसका लागि नेपाल सरकार र पीसकोर नेपालबिच सम्झौतामा हस्ताक्षर भएको छ । यस नयाँ कार्यक्रमले छोटो अवधि (जस्तै, नौ देखि बाह्र महिना) मा उच्च प्रभावकारी सेवा कार्यहरू पूरा गर्न अझबढि विशिष्टिकृत अनुभव भएका स्वयंसेवकहरू ल्याउनेछ । नेपालमा पीसकोर रेस्पोन्स कार्यक्रमले पर्यटनको माध्यमबाट आर्थिक विकासलाई प्रवर्द्धन गर्ने, कृषि कलेजहरूमा सञ्चालन भइरहेका अनुसन्धान कार्यहरूमा टेवा पुऱ्याउने र सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिको पहललाई सहयोग गर्ने छ । पीसकोर रेस्पोन्स स्वयंसेवककरूले आफूले काम गर्ने संस्था तथा समुदायका सदस्यहरूसँग सम्बन्ध निर्माण गर्ने, ज्ञानको आदानप्रदानलाई प्रवर्द्धन गर्ने र दिगो र मापनयोग्य प्रभाव पार्ने तथा स्थानीय प्राथमिकतामा परेका परियोजनाहरूमा सहकार्य गर्नेछन् ।

## जलवायु परिवर्तनको असरप्रतिको सम्बोधन

नेपाल जलवायु परिवर्तनले पार्ने असरको उच्च जोखिममा रहेको देश हो । मुलुकले तापक्रम तथा वर्षादमा भइरहेका परिवर्तनहरूलाई अनुभव गरिसकेको छ जसबाट तराइ क्षेत्रमा खडेरी देखि लिएर हिमालमा हिउं पग्लने र हिमपातमा कमी हुने सम्मको प्रभाव परिसकेको छ । यी परिवर्तनहरूले नेपालीहरूको जीविकोपार्जनमा नकारात्मक असर पार्ने, पर्यटनको संख्याका कमी आउने, हिमाली क्षेत्रहरूमा पारिस्थितिकीय प्रणालीलाई नकारात्मक असर पार्दछन् ।

नेपाल सरकारले सन् २०५० सम्ममा हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा पुऱ्याउने लक्ष्य राख्नुका साथै जलवायु-उत्थानशील समाज निर्माण गरी जनता र पारिस्थितिकीय प्रणालीको जोखिमलाई न्यून गर्दै राष्ट्रको सामाजिक-आर्थिक समृद्धि गर्ने परिकल्पना गरेको छ ।

हाम्रा साझेदार मुलुकहरूलाई सहयोग गर्ने उद्देश्यले पीसकोरको केन्द्रीय कार्यालयले जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण तथा सामुदायिक समानुकुलन तर्फ विभिन्न प्रकारका कार्यहरू र गतिविधिहरूमा जोड दिइरहेको छ । यसका लागि संस्थाले समग्र विश्वलाई जलवायु परिवर्तन र यसको अनुकुलनलाई व्यवस्थित गर्ने दीर्घकालीन रणनीतिको विकसित गरेको छ।

यसका अतिरिक्त, संस्थाले अबलम्वन गरेको रणनीतिलाई सहयोग गर्न पीसकोर/नेपालले २०२४ मा निम्न लगायतका जलवायु सम्बन्धी विभिन्न पहलहरू कार्यान्वयन गर्ने योजना बनाएको छः

- खाद्य सुरक्षा र शिक्षा परियोजनाहरूमा जलवायु परिवर्तनका अवयवहरूलाई एकीकृत गर्ने,
- वातावरण सम्बन्धी परियोजना शुरू गर्नको लागि स्वीकृतीका लागि पहल गर्ने, र
- अनुकूलन र समानुकुलनका रणनीतिहरूमा पीसकोरका कर्मचारी र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

यसका अतिरिक्त, पीसकोर/नेपालको भवन र सवारी साधनहरूमा ऊर्जा क्षमता वृद्धि गरी हाम्रो कार्बन पदचाप न्यून गर्न प्रतिबद्ध रहेको छ।



## समताको अभ्यासलाई सम्पूर्ण कार्यक्रमहरूमा एकीकृत गर्ने

पीसकोरको लागि अन्तरसांस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँच, आफ्नो लक्ष्य हासिल गर्न मद्दत गर्ने मूल सिद्धान्तहरू हुन् । पीसकोरको अन्रसाँस्कृतिक क्षत्रमा विविधता समान्ता, समावेशिकरण र पहुँच सम्बन्धि अवधारण अन्तरगत कर्मचारी र स्वयंमसेवकहरूले ६० देशका व्यक्तिहरूसँग सहकार्य गर्दै नम्रता र क्षमता अभिबृद्धि गर्न प्रोत्साहित गर्छन ।



अन्तरसांस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँचका सिद्धान्तहरूको कार्यान्वयनमा सघाउ पुऱ्याउने दृष्टिकोणले २०२३ मा पीसकोर/नेपालले बहुपृष्ठभूमी भएका तथा विभिन्न पदमा कार्यरत कर्मचारीहरू संलग्न रहेको एक समर्पित अन्तरसांस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँच सम्बन्धी कार्यदल सिर्जना गरेको छ । सन् २०२३ को अवधिमा, अन्तरसांस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँच सम्बन्धी कार्य समूहले विभिन्न पहलहरू मार्फत निम्नानुसारको प्रगति गरेको छ :

- जुन २०२३ मा समावेशी पदपूर्ति नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि कर्मचारी र अमेरिकी अन्तरसाँस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँच सम्बन्धी विशेषज्ञहरूसँग परामर्श गरी काम गरियो ।
- पीसकोर नेपालले ऐतिहासिक रूपमा सीमान्तकृत समुदायका सदस्यहरूलाई लक्षित गरी सबै इच्छुक व्यक्ति र संस्थाहरूलाई पीसकोर नेपालमा रोजगारीको अवसर तथा आफ्नो पदपूर्ति गर्ने प्रक्रियासम्बन्धी दुई अभिमुखीकरण प्रशिक्षण सत्रहरू सञ्चालन गरियो । यी भर्चुअल र प्रत्यक्ष्य अभिमुखीकरणहरू देशका विभिन्न भागहरूको प्रतिनिधित्व गर्ने सहभागीहरूका लागि गरिएका थिए । यस अभिमुखीकरणको उद्देश्य पीसकोर तथा यसको पदपूर्ति प्रक्रियाको बारेमा जानकारी विस्तार गर्न मद्दत गर्नुका साथै बढिभन्दा बढि आवदेकहरूलाई प्रोत्साहित गर्नु थियो ।
- अन्तरसाँस्कृतिक क्षमता, विविधता, समता, समावेशीकरण र पहुँचका सिद्धान्तहरू समावेश गर्न र तिनीहरूलाई सबै व्यवसायिक अभ्यासहरूमा कसरी समावेश गर्ने भनेर नव नियुक्त कर्मचारीहरूलाई अभिमुखीकरणका लागि अभिमुखीकरण निर्देशिका तयार गरियो ।
- लेस्बियन, समलिङ्गि, उभयलिंगी र ट्रान्सजेन्डर एवं लैङ्गिक पहिचान नभएका समुदायका लागि कार्यरत स्वयंसेवकहरूलाई अतिरिक्त सहयोग पुऱ्याउने तथा नेपालमा लैङ्गिक पहिचान र अभिमुखीकरणका मुद्दाहरूमा वैचारिक स्पष्टता ल्याउने हिसावले स्थानीय कर्मचारीहरूलाई मद्दत गर्न दुईवटा आवासीय तालिमहरू सञ्चालन गरियो ।



## स्वयंसेवक परियोजनाको आकर्षण: स्थानीये सामग्रीहरूको प्रयोग गरी दीगो च्याउ उत्पादन

पीसकोर खाद्य सुरक्षा स्वयंसेवक ज्याकले स्थानीय अगुवा किसानसँग काठको पातला टुक्राहरू प्रयोग गरेर कन्ये च्याउ रोप्ने काम गरे ।

पीसकोर स्वयंसेवक ज्याक आफ्नो सेवाको प्रारम्भकाल देखि नै अगुवा किसान लालबहादुर पुनसँग काम गर्दै आएका छन् । ज्याक एक दिन लाल बहादुरको किवीको बगैंचामा मौरीको घारको स्वास्थ्य अवस्थाको परीक्षण गर्न आएपछि उनीहरूको सम्बन्ध सुरू भयो । माहुरीपालन र फलफूलका बिरूवा रोप्ने काममा आफ्नो ज्ञान र अनुभवका कारण लाल बहादुरले स्थानीय स्तरमा उत्कृष्ट छाप छोडेका छन् । यसका अतिरिक्त, उनको सिक्ने जोश पनि उत्साहजनक थियो। आफ्नो बाली उत्पादनमा विविधता ल्याउन र पाँच जनाको परिवारको लागि आयआर्जन गर्न च्याउ खेतीमा लाल बहादुरको गहिरो अभिरूचि थियो । प्रारम्भिक छलफल पश्चात पीसकोर स्वयंसेवक र लाल बहादुर स्थानीय फर्निचर उद्योगमा खेर गइरहेको काठको टुक्रा र धुलोलाई उत्पादन गर्ने माध्यमको रूपमा प्रयोग गर्न सकिने टुङ्गोमा पुगे ।

यी दुईजनाले मिलेर च्याउ खेतीका लागि दुई दिनसम्म झोलाहरू तयार गरे। यसका लागि काठको धुलो तथा स-साना टुक्राहरूलाई धोएर वाष्पीकरणको माध्यमद्वारा निर्मलीकरण गरी त्यसमा आवश्यक मात्रामा चिस्यान तयार पार्नु पर्दथ्यो । यसका लागि उनीहरूले ती सामग्रीहरू धुन र रातभर भिजाएर राख्न लालको घरबाट कपडा धुने दुईवटा ठूला बाल्टिन प्रयोग गरे । त्यसपछि उनीहरूले घरेलु रक्सी बनाउनका लागि प्रयोग हुने भाँडाको प्रयोग गरी यसलाई सफा गरे । अन्त्यमा, १२ घण्टापछि पृष्ठभूमिमा हिमाल तथा पहाडको अद्भूत दृश्यलाई नियाल्दै धेरै कप चिया खाइसक्दा दुईले गर्वका साथ लाल बहादुरको फार्ममा तयार गरिएको अँध्यारो कोठामा दश झोला च्याउकोलागि आवश्यकपर्ने पदार्थ तयार गर्न सफल भए ।

त्यसपछिका केही हप्तासम्म च्याउको राम्रो वृद्धि भएको थियो र हरेकपटक अवलोकन गर्दा लाही वा किरा लागेको कुनै प्रमाण थिएन । खुसीको खबर यो थियो कि च्याउको वृद्धि र विकास ठिकठाक भएको थियो । तर, यस वर्ष चाँडै जाडो शुरू भयो । चिसो तापक्रमसँगै ढुसीको हरियो भागमा वृद्धि भइ समयभन्दा अघि नै अपेक्षित रूपमा च्याउ फुल्न रोकियो । पीसकोर स्वयंसेवक र किसान दुवैजना च्याउको वृद्धिलाई जारी राख्न कोठा कसरी न्यानो बनाउने भन्ने कुरामा अलमलमा परेका थिए । यो उनीहरूको कमजोरी थियो ।

झण्डै दुई महिनासम्म झोलाहरू भूतजस्तै निर्जिव रूपमा झुन्डीरहेका थिए । त्यसपछि एक दिन पिन-होलबाट क्यूम्यलस बादलजस्तो पिनहेड च्याउको फूल निस्किरहेको थियो । खुसी हुँदै दुवैजनाले कोठाको वरिपरि हेरे र हरेक दिन च्याउ बढिरहेको पाए । उनीहरूले लामो समयदेखि प्रतिक्षारत आफ्नो परिश्रमको फल प्राप्तगर्नका लागि उत्साकासाथ सबै झोलाहरू काटि दिए । च्याउको लगभग चार फसलमध्ये आजसम्म यो पहिलो फसल सङ्कलन गरिएको थियो र यसको वजन २५० ग्राम थियो । उनीहरूले विकास गरेको सम्बन्ध र सिकाईका आधारमा, उनीहरू समुदायमा वसन्त ऋतु र गर्मी मौसम आगकन्का साथ दोस्रो चरणको काम गर्न तयार रहेका छन् ।








# नेपाल सरकार तथा सरोकारवालाहरू बीचका सम्बन्धहरू

नेपाल सरकार र नगरपालिकाहरूको अनुरोध र निमन्त्रणामा पीसकोर स्वयंसेवकहरूले नेपालमा सेवा प्रदान गर्दछन् । पीसकोर/नेपाल विभिन्न मन्त्रालय, प्रादेशिक र नगरपालिकाका अधिकारीहरूले गरेको निकटतम साझेदारीको लागि आभारी छौं ।

२०२३ को अवधिमा, पीसकोर/नेपालले नेपाल सरकारसँग निम्नानुसार प्रमुख गतिविधिहरूमा सहकार्य गऱ्यो :

**सन् १९६२ को द्विपक्षीय सम्झौतामा संशोधनः**

१९६२ मा नेपाल सरकार तथा पीसकोरले एउटा द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरे । यस सम्झौताले नेपालमा पीसकोरको कार्यक्रमलाई निरन्तरता दिनका लागि अनुमति प्रदान गर्नुका साथै प्रत्येक साझेदारको भूमिकासम्बन्धी खाका तयार पाऱ्यो । यस सम्झौताले दुईवटै सरकारको अपेक्षा राम्ररी पूरा गर्नुका साथै यो ६० वर्षभन्दा बढि समयसम्म क्रियाशील सम्बन्ध कायम राख्न सफल रह्यो । डिसेम्बर २०२३ मा नेपाल र अमेरिकी सरकार दुवैले पीसकोर कार्यक्रमको संयुक्त प्रतिवद्धताको नविकरण गरी यस सम्झौतालाई अध्यावधिक गरेका छन् । यसबाट विभिन्न प्रशासनिक सवालहरूमा आधुनिकीकरण भएकोले भविष्यमा कार्यक्रमलाई अझ बढि प्रभावकारी रूपमा सञ्चालन हुन मद्धत पुग्ने छ । यस संसोधनले विशेषगरी स्वयंसेवकहरूका लागि भिषा प्राप्त गर्ने प्रकृयालाई अध्यावधिक गरी सरलीकृत गरेको छ ।



**पर्यटन प्रवर्द्धन सम्बन्धी नयाँ परियोजनाः**

प्रत्येक परियोजनाका लागि, पीसकोर/नेपाल र नेपाल सरकारबीच पीसकोर स्वयंसेवकहरूको योगदानका साथै सरकारी साझेदारहरूको भूमिका र जिम्मेवारीको प्रावधान सहितको समझदारी पत्रमा हस्ताक्षर हुन्छ। । २०२३ को अवधिमा, पीसकोर/नेपालले पर्यटन प्रवर्द्धन परियोजना प्रारम्भ गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग नयाँ समझदारी पत्रमा हस्ताक्षर गरेको थियो । सेप्टेम्बर १५, २०२३ मा, नेपाल सरकारका सहसचिव, श्री चक्र बहादुर बुढा, र पीसकोरका राष्ट्रिय निर्देशक, श्री ट्राय कोफ्रोथले पाँच वर्ष अवधिका लागि समझदारी पत्रमा हस्ताक्षर गरे । पर्यटन प्रवर्द्धनमा केन्द्रित पीसकोर स्वयंसेवकहरूको पहिलो समूह मे २०२४ मा नेपाल आउने अपेक्षा गरिएको छ ।

**वातावरण परियोजनाः**

नेपाल सरकारको अनुरोध तथा पीसकोरको जलवायु परिवर्तन क्षेत्रमा कामगर्ने प्रतिबद्धताको आधारमा पीसकोर/नेपालले वातावरण परियोजना निर्माण तथा अनुमोदन गर्ने कार्यलाई अगाडी बढाइरहेको छ । परियोजनाको उद्देश्य दिगो प्राकृतिक स्रोतको व्यवस्थापन र ग्रामीण समुदायका व्यक्तिहरूमा जलवायु परिवर्तनको प्रभावलाई सामना गर्ने क्षमता अभिवृद्धि गर्ने कार्यमा केन्द्रित हुनेछ । परियोजनाका प्रमुख पक्षहरू वातावरणीय शिक्षा, पर्यावरणसम्बन्धी क्लब र युवा शिविर, फोहोर व्यवस्थापन, सामुदायिक वन व्यवस्थापन र वैकल्पिक ऊर्जा प्रवर्द्धन आदि हुन् । वन तथा वातावरण मन्त्रालय र पीसकोर/नेपालबीच यस कार्यक्रम सञ्चालनका लागि समझदारी पत्र तयार गर्ने कार्य भइरहेको छ ।

# तालिमका आकर्षणहरू



## २०२३ मा पीसकोर स्वयंसेवकहरूका लागि सञ्चालन गरिएका तालिमहरू

### स्वयंसेवकहरू को हुन्?

पीसकोर स्वयंसेवकहरू निर्दिष्ट समुदायका सदस्यहरूसँग प्रत्यक्ष रूपमा बसेर साझेदार देशमा दुई वर्ष ३ महिना सेवा गर्न प्रतिबद्ध रहेका अमेरिकी नागरिकहरू हुन् । उनीहरूले आफ्नो सेवाअवधीभर तलव प्राप्त गर्दैनन् तर समुदायमा रहने बस्ने सामान्य जीवननिर्वाह भत्ता प्राप्त गर्दछन् । स्वयंसेवकहरू विभिन्न साँस्कृतिक, जातीय, र सामाजिक-आर्थिक पृष्ठभूमिहरूबाट आउने गर्दछन् र उनीहरूले आफू संलग्न हुने परियोजनासँग सम्बन्धित उपयुक्त शिक्षा र अनुभव प्राप्त गरेका हुन्छन् । पीसकोर स्वयंसेवकहरूले समुदायमा उनीहरूको आफ्ना उत्प्रेरणाका माध्यमबाट आफ्नो मद्दत आफैं कसरी गर्न सक्दछन् भन्ने समुदायलाइ सिकाउछन् । उनीहरूले आफ्नो समुदायसँग फरक परिप्रेक्ष्यका साथ कौशलता, रचनात्मकता र नविनताका माध्यमबाट आफ्नो काम गर्छन् ।

### पूर्व-सेवाकालिन तालिम

पीस कोर नेपालको २०८ औँ समूह आफ्नो पूर्व-सेवाकालिन तालिम प्रारम्भ गर्नका लागि गत जुन २०२३ मा नेपाल आइपुग्यो । प्रशिक्षार्थीहरू नेपालमा आफ्नो पहिलो ११ हप्ताको पूर्व-सेवाकालिन तालिम पुरा गरिसके पछि उनीहरू आधिकारिक रूपमा पीसकोर स्वयंसेवक बन्छन् । पूर्व-सेवाकालिन तालिमको अवधिमा प्रशिक्षार्थीहरू १० हप्तासम्म नेपाली परिवारमा बस्छन् र पूर्ण रूपमा नेपाली संस्कृतिसँग अभ्यस्त हुन्छन । उनीहरूले औपचारिक तालिमको माध्यमद्वारा नेपाली भाषाका साथै आफ्नो सेवा अवधिभर सुरक्षित र स्वस्थ रहने रणनीतिहरूको बारेमा पनि सिक्दछन् । प्रशिक्षार्थीहरूले खाद्य सुरक्षा र शिक्षासम्बन्धी चुनौतिहरूको पहिचान, प्राथमिकताको पहिचान र तिनीहरूको सम्बोधनका लागि आफ्नो समुदायलाई सहयोग गर्न प्राविधिक प्रशिक्षण पनि प्राप्त गर्छन् ।




पूर्व-सेवाकालिन तालिमको मुख्य उद्देश्य प्रशिक्षार्थीहरूलाई नेपालमा दुई वर्षको बसाइमा प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आवश्यकपर्ने ज्ञान, र मनोवृत्तिको विकास गर्न मद्दत गर्नु हो । समुदायमा आधारित प्रशिक्षण मोडेलले प्रशिक्षार्थीहरूलाई अन्ततः आफू बस्ने र काम गर्ने समुदायसँग मिल्दोजुल्दो समान विशेषताहरूको अनुभव प्रदान गर्दछ । उनीहरू आफ्नो नेपाली परिवारले खाने खाना खान्छन् र खाना पकाउने, घाँस काट्ने, गाई दुहुने, चाडपर्व र पारिवारिक कार्यक्रमहरूमा भाग लिने जस्ता घरायसी गतिविधिहरूमा पनि संलग्न हुने गर्दछन् । नेपाली परिवारहरूले आफ्नो घरमा प्रत्येक खाद्य सुरक्षा प्रशिक्षार्थीलाई एउटा सानो बारी उपलब्ध गराउँछन् ताकि उनीहरूले तालिम अवधिभर सिकेका सीपहरूको अभ्यास गर्न सकुन । शिक्षासम्बन्धी प्रशिक्षार्थीहरूले नेपालका सामुदायिक विद्यालयहरूमा प्रभावकारी अध्यापनका तौर तरिका तथा विधिहरूको बारेमा विद्यालयहरूमा अन्तर क्रिया गर्नुका साथै सिकाउने काम पनि गर्दछन् । तालिमको अवधिभर प्रशिक्षार्थीहरूको मूल्याङ्कन गरिन्छ र पूर्व-सेवाकालिन तालिम सफलतापूर्वक पूरा गरेपछि उनीहरूले आधिकारिक रूपमा पीसकोर स्वयंसेवकको रूपमा शपथ लिन्छन् ।

शपथ पछि नयाँ स्वयंसेवकहरू तोकिएको जिल्लामा जान्छन्, जिल्ला-स्तरीय अधिकारीहरूसँग भेट्छन र आफ्नो समुदायमा सेवा शुरू गर्दछन् ।











# सफलताका कथाहरू

## एकीकृत सिकाइ प्रविधिहरू मार्फत विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि

सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिकाको श्री राजेश्वरी मा.वि.मा कार्यरत अङ्ग्रेजी विषयका शिक्षक श्री मीन बहादुर सुनुवारले पीसकोर/नेपालले आयोजना गरेको कार्यक्रममा भाग लिए। आफ्नो विद्यालयमा अङ्ग्रेजी विषय अध्यापन गराउने क्रममा उनले सधैंजसो चुनौतीहरूको सामना गर्नुपरेको छ। विद्यार्थीहरूसँग आफ्नो बारेमा बताउन पर्याप्त शब्दावली नभएकाले उनीहरू सहपाठी, साथीहरू र समूहहरूमा अङ्ग्रेजी बोल्न हिचकिचाउने गर्दथे ।



सुनुवारले भर्चुअल बैठकहरू र पीसकोर/नेपालद्वारा आयोजित प्रत्यक्ष्य तालिममा भाग लिए । यस तालिमबाट उनले विद्यार्थी-केन्द्रित, सहकार्यमूलक सिकाइ क्रियाकलापहरूलाई एकीकृत गर्ने विभिन्न तरिकाहरू सिके। सबैभन्दा महत्वपूर्ण कुरा त उनले विद्यार्थीको सहभागिता वृद्धि गर्ने उद्देश्यले कसरी न्यून लागत/बिना लागत शिक्षण सामग्री बनाउने भन्ने तरिका सिके। उनले सोच, जोडी मिलाउ र छलफल गर र क्रियाकलाप, शब्द जिग्स पजल र प्रश्न बल तयार गर्नेजस्ता केही विद्यार्थी-केन्द्रित क्रियाकलापहरू आफ्नो शिक्षणमा प्रयोग गरेका छन् । अब उनी विद्यालयमा शिक्षण सामग्री निर्माण कार्यका लागि समय दिन्छन्, स्लाइडहरू तयार गर्नुका साथै आफ्नो कक्षालाई सक्रिय र सहभागितामूलक बनाउनका लागि प्रोजेक्टरको प्रयोग गर्छन् । यसका साथै उनले कक्षा ७ देखि १२ सम्मका विद्यार्थीहरूमध्येबाट २६ सदस्यीय अङ्ग्रेजी भाषा क्लब पनि गठन गरेका छन् । अङ्ग्रेजी क्लबले "द माइलस्टोन" नामक मासिक बुलेटिन प्रकाशन गर्दछ र विद्यार्थीहरू सम्पादक र सल्लाहकार रहेका छन् । उनीहरू बुलेटिनमा आफ्नो प्रतिभा सिर्जना एवं रचना गर्न र प्रकाशित गर्न ज्यादै उत्साहित रहेका छन् ।

विद्यार्थीहरूमा अङ्ग्रेजी भाषा सिक्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ। एकीकृत विद्यार्थी-केन्द्रित, सहकार्यात्मक र समावेशी क्रियाकलापहरूले उनीहरूलाई अझ छिटो र उच्च दक्षताका साथ अङ्ग्रेजी सिक्न मद्दत गऱ्यो । सुनवारले आफ्ना विद्यार्थीहरूको अङ्ग्रेजी पठन र लेखन रूचिमा उल्लेखनीय वृद्धि भएको महशुस गरेका छन् ।





## खाद्य सुरक्षाको लागि समावेशी दृष्टिकोणको परिणाम

**"पीसकोर तालिमले मह, फलफूल खेती, च्याउ, अदुवा र बेसारको प्रवर्द्धन गरेर ग्रामीण क्षेत्रमा घरायसी आम्दानी कसरी वृद्धि गर्ने भन्ने महत्वपूर्ण दृष्टिकोण प्रदान गऱ्यो।"**

**- दुर्गाप्रसाद शर्मा, वडा अध्यक्ष**

पर्वत जिल्लामा वडा अध्यक्षको हैसियतमा श्री दुर्गाप्रसाद शर्मालाई स्थानीय समूहहरूसँग भेटघाट गरी उनीहरूका गतिविधि र सरोकारहरूको बारेमा छलफल गर्नका लागि आमन्त्रित गर्ने गरिएको छ। साझा जात-जातीय पहिचान भएका सदस्यहरूले प्रायः बैठकको कार्यसूचि र सहभागीहरू निर्धारण गर्दछन्। समावेशी खाद्य सुरक्षाका अभ्यास सम्बन्धी हालैको पीसकोर कार्यक्रममा सहभागी भएपछि दुर्गाले खाद्य सुरक्षा प्राथमिकताहरूमा आफ्नो समुदायसँग थप समतामूलक, सामूहिक संलग्नता प्रवर्द्धन गर्न केही प्रेरणादायी कदम चालेका छन्।

यूएसएआईडीको (USAID) लघु परियोजना सहायता Small Project Assistance (SPA) कोषमार्फत उपलब्ध गराइएका स्रोतहरूको प्रयोग गर्दै पीसकोर नेपालले कृषि तथा स्वास्थ्य प्राविधिक, अगुवा किसान, महिला, सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs) र वडा अध्यक्षहरू लगायतका १६० भन्दा बढी सहभागीहरूलाई सामुदायिक सरोकारवालाहरूसँगको सहकार्यमा श्रृङ्खलावद्ध सिकाइ गतिविधिहरूलाई सहजीकरण गऱ्यो। समग्र र समावेशी उपलब्धिहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले पीसकोर/नेपालले स्वेच्छिक रूपमा ६ नगरपालिका र ४ गाउँपालिकाबाट सामूहिक टोलीहरूको रूपमा यी साझेदारहरूलाई संलग्न गरेको छ। हालसालै सम्पन्न पीसकोर कार्यक्रमको दौरानमा दुर्गाजी र उनको नगरपालिकाका अन्य सहभागीहरूले खाद्य पोषणका प्राथमिकताहरूलाई सूचिवद्ध गर्नुका साथै यी प्राथमिकताहरूलाई सम्बोधन गर्न सहयोग गर्नसक्ने स्थानीय संघ तथा संस्थाहरू मार्फत स्रोतसाधनहरूको पहिचान गर्ने कार्य गरे।

पीसकोर कार्यक्रमपश्चात दुर्गाले विभिन्न जात तथा जातीय पृष्ठभूमिका समुदायका सदस्यहरूलाई वैठकमा बोलाउनुका साथै उनीहरूलाई आफ्ना सामूहिक सवल पक्षहरू, हित र प्राथमिकताहरूको पहिचान गर्ने कार्यमा लगाए। परिणामस्वरूप, यो समुदाय सक्रिय रूपमा मह उत्पादन, फलफूलका खेती, च्याउ, अदुवा र बेसार खेतीका सम्भावनाहरूको खोजी गरिरहेको छ। यी प्रयासहरू कसरी अघि बढ्दछन् भन्ने कुराको प्रतिक्षा गर्ने क्रममा दुर्गा र उनको समुदाय आफ्ना खाद्य सुरक्षाका प्राथमिकताहरूमा अधिक समावेशी सहकार्यका लागि आभारी छन्।

**पीसकोर नेपालले कृषि तथा स्वास्थ्य प्राविधिक, अगुवा किसान, महिला, सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs) र वडा अध्यक्षहरू लगायतका १६० भन्दा बढी सहभागीहरूलाई सामुदायिक सरोकार वालाहरुसँगको सहकार्यमा श्रृङ्खलावद्ध सिकाइ गतिविधिहरुलाई सहजीकरण गऱ्यो।**



सन् १९६२ देखी सेवा प्रदान गरीसकेका करिब ४,000 अमेरिकी **Returned Peace Corps Volunteers (RPCVs)** पीसकोर स्वयंसेवकहरूकोसञ्जाल विद्यमान रहेकोमा पीसकोर/नेपाल आफूलाई सौभाग्यशाली ठान्दछ । हरेक वर्ष अधिकांश स्वयंसेवकहरू आफ्ना नेपाली साथीभाई र परिवारसंग भेटघाट गर्न नेपाल आउने गर्दछन् । यसरी फिर्तिभएका नेपालका आगन्तुक पीसकोर स्वयंसेवकहरूका केही तस्विरहरू प्रस्तुत गरिएको छ ।















## हाम्रा फर्किएका पीसकोर स्वयंसेवकहरूलाई धन्यवाद:

# हाम्रा होस्ट परिवारहरूलाई धन्यवाद

पीसकोर स्वयंसेवकहरू नेपाली समुदाय र नेपाली परिवारसँग बस्दछन् । हामी स्वयंसेवकहरूलाई न्यानो स्वागत गर्ने तथा उनीहरूलाई आफ्नो परिवार र समुदायको हिस्सा बनाउन गर्नु भएको योगदानका लागि नेपाली होस्ट परिवारलाई धन्यवाद व्यक्त गर्दछौं ।



**तपाईंको सहयोग बिना हाम्रा स्वयंसेवकहरूको सफलता सम्भव हुने थिएन !**

# आभार


**परियोजनाका साझेदारहरू**

अर्थ मन्त्रालय
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
गृह मन्त्रालय
परराष्ट्र मन्त्रालय
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय
वन तथा वातावरण मन्त्रालय
कृषि र पशुविज्ञान अध्ययन संस्थान
नगरपालिका तथा गाउँपालिकाहरू
वडा अध्यक्षहरू
कृषि/स्वास्थ्य शाखा प्रमुखहरू
आतिथ्यता प्रदानगर्ने परिवारहरू
यूएसएड
सुहारा २
किसान २
सीड ट्रि
लुमा
नेल्टा
फुलब्राइट कमिसन
क्षेत्रीय अङ्ग्रेजी भाषा कार्यक्रमको कार्यालय (रिलो)
टिच फर नेपाल
नेपाल अङ्ग्रेजी भाषा शिक्षक संघ (नेल्टा)
सामुदायिक विद्यालयहरू

**सम्पादक मण्डल**

ट्रोय कफ्रद
किम्मा नजीउल्लाह
दिनेश कार्की
राजु कंडेल
किशोर घिमिरे
आरती तामाङ्
खिला शर्मा पोखरेल
चक्र विश्वकर्मा
अनुजा लम्साल
मुकुन्द दाहाल
अल्का वर्मा
रामप्रवेश प्रसाद चौहान
मिङ्मा तामाङ्

**डिजाइन तथा लेआउट**

डिजाइन मेज


Metal



## Contact Information: Peace Corps Nepal Office




Peace Corps
NEPAL


**पिसकोर नेपाल**
महाराजगञ्ज, चक्रपथ, काठमाण्डौ
फोन : +९७७ १ ४०१६२५९, ४०१६०२७
फ्याक्स : +९७७ १ ४०१६१७३
पोष्ट बक्स : १५१५०
ईमेल : infonepal@peacecorps.gov

https://www.peacecorps.gov/nepal/

https://www.facebook.com/NepalPeaceCorps/


